प्रदेश सरकार

प्रदेश नं. ५

# भौतिक पूर्वाधार विकास मन्त्रालय

बुटवल,नेपाल

पत्र संख्या: ऊर्जा विकास शाखा/०७६-७७

चलानी नं.: २६५

मिति: २०७६/०४/२९

श्री स्थानीय तह

(कपिलवस्तु, रुपन्देही , नवलपरासी पश्चिम,दांग,गुल्मी, पाल्पा,अर्घाखाँची,प्युठान,रोल्पा, रुकुम पूर्व, बाँके, बर्दिया जिल्लाका सबै)

**बिषय : माग संकलन गरि पठाइदिने सम्बन्धमा ।**

प्रदेश सरकारले आगामी ३ वर्षभित्र प्रदेशको जनतामा विद्युतको पहुँच शतप्रतिशत पुर्याउने विद्युत संकल्प योजना अघि सारेको विदितै छ । उक्त संकल्प पूर्तिको लागि विद्युत सेवामा कुनै पनि माध्यमले पहुँच नपुगेको एवं भविष्यमा समेत ग्रिड प्रणालीद्वारा विद्युत पुर्याउन कठिन रहेको तहाँ पालिकाको क्षेत्राधिकारमा पर्ने क्षेत्रको पहिचान गरी त्यस क्षेत्रको जनतालाइ घरेलु सौर्य ऊर्जा प्रणाली मार्फत विद्युत सेवामा पहुच पुर्याउन "प्रदेश नं. ५ घरेलु सौर्य ऊर्जा प्रणाली अनुदान कार्यविधि, २०७५" बमोजिम घरेलु सौर्य ऊर्जा प्रणाली जडानको लागि उक्त अनुदान कार्यविधि बमोजिमको लागि देहायका मापदण्ड अनुसार हुने गरी मागहरु तपशीलमा दिएको ढांचामा तहाँ कार्यालयबाट प्रमाणित गरी ६० (साठी) दिन भित्र यस मन्त्रालयमा आइपुग्ने गरि पठाईदिनुहुन निर्देशानुसार अनुरोध छ ।

**माग पठाउने आवश्यक मापदण्ड:**

१. माग पठाइने घरधुरीमा राष्ट्रिय ग्रिड प्रणाली, लघु जलविद्युत वा सामुदायिक विद्युतीकरण मार्फत विद्युत सेवामा पहुच नपुगेको हुनु पर्नेछ ।

२. भविष्यमा समेत (कम्तिमा ३ वर्ष भित्र) राष्ट्रिय ग्रिड प्रणालीबाट विद्युतमा पहुँच पुग्ने सम्भावना नरहेको

३. माग पठाइने घरधुरीमा अन्य कुनै माध्यमबाट विद्युत सेवामा पहुँचको लागि स्थानीय तह वा अन्य कुनै संघ, संस्थाबाट अनुदान नलिएको हुनु पर्नेछ ।

४. दुर्गम क्षेत्र, पिछडिएका क्षेत्र, विपन्न वर्ग, एकल महिला जस्ताको मागलाइ लाइ कैफियत खुलाई पठाउनु पर्नेछ।

**माग पठाउने आवश्यक ढांचा:**

| क्र.सं. | लाभग्राहीको नाम थर (घरमुलीको नाम) | नागरिकता नं. | ठेगाना | परिवार संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |

पुनश्च: "प्रदेश नं. ५ घरेलु सौर्य ऊर्जा प्रणाली अनुदान कार्यविधि, २०७५" यस मन्त्रालयको वेबसाइट www.mopid.p5.gov.np मा हेर्न वा डाउनलोड गर्न सकिनेछ ।

सूर्य देव गुप्त

इन्जिनियर, ऊर्जा विकास शाखा